# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०४।३१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिकामा अवैध कमिशन जम्मा गराउनका लागि अर्कै व्यक्तिको नाममा बैंकमा खाता खोली रकम जम्मा गर्न लगाई विकास निर्माणका योजना र कार्यक्रमबाट लाखौं भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखिएको उजुरीउपर राष्ट्रिय सतर्कता केन्द्रबाट छानविन गरी विस्तृत अध्ययन गर्नको लागि आयोगमा प्राप्त सक्कलै फाइलका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिकाबाट आर्थिक बर्ष २०७७।०७८ मा सम्पन्न भएका वडा नं. ३ मा गरिएका बिकास निर्माणका कार्यहरु, मर्चवारी गाउँपालिकामा सौर्य उर्जा प्रबिधि जडान कार्य, वडा नं. ६ र वडा नं. ७ का वडाहरुमा गरिएका बिकास निर्माणका कार्यहरु, मर्चवारी गाउँपालिकाबाट सामाजिक विकासतर्फको सीपमूलक तालिमहरु सिलाई कटाई तालिम कार्यक्रमहरु समेत गरी मर्चवारी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालले बर्षको अन्त्यमा सरकारी रकम भुक्तानी दिंदा गाउँपालिकासँग सरोकार राखी आर्थिक कारोवार गरेका समुहबाट रिसवत/कमिशन रु.१३,४५,०००।—(तेह्र लाख पैंतालीस हजार रुपैयाँ) लिई भ्रष्टाचार गरेको पुष्टि हुन आएको हुँदा उक्त कार्यमा संलग्न देहायका व्यक्तिहरु उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः-**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्याल | मर्चवारी गाउँपालिका, रुपन्देही | रु.१३,४५,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिको कसुरमा ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) अनुसार कैद र बिगो बमोजिम जरिवाना गरी निजले लिएको रिसवत रकमसमेत ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदावी लिइएको छ। |
| २. | वडा सचिव गुलाव यादब | मर्चवारी गाउँपालिका वडा नं. ५ र ६ रुपन्देही | रु.२,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुरमा ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिमको कैद र बिगो बमोजिम जरिवाना हुन मागदावी लिइएको छ। |
| ३. | तत्कालीन प्रमुख प्रशासकीय | मर्चवारी गाउँपालिका, रुपन्देही | रु.१३,४५,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मतियारको कसुरमा ऐ. ऐनको दफा |

| | | | | |
|---|---|---|---|---|
| | अधिकृत लक्ष्मण अर्यालका छोरा पवन कुमार अर्याल | | | २२ बमोजिम घुस रिसवत लिनेदिने कार्यमा मूल कसुरदार लक्ष्मण अर्याललाई हुने सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिको कैद र बिगो बमोजिम जरिवाना गरी उक्त रकम निजबाट ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदावी लिइएको छ। |
| ४. | तत्कालीन वडा अध्यक्ष नारायण बहादुर यादब | मर्चवारी गाउँपालिका वडा नं. ३, रुपन्देही | रु.५,००,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुरमा ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिको कैद र बिगो बमोजिम जरिवाना हुन मागदावी लिइएको छ। |
| ५. | प्रोपाइटर विनोद बाबु तिवारी | सम्बृद्ध नेपाल ईनर्जी, रुपन्देही | रु.८५,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुरमा ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिको कैद र बिगो बमोजिम जरिवाना हुन मागदावी लिइएको छ। |
| ६. | तत्कालीन गाउँ कार्यपालिका सदस्य राजेश हरिजन | मर्चवारी गाउँपालिका, रुपन्देही | रु.३,६०,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुरमा ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिको कैद र बिगो बमोजिम जरिवाना हुन मागदावी लिइएको छ। |
| ७. | प्रोपाइटर अमरीश यादब | मानसरोवर टेक्निकल ट्रेनिङ इन्स्टिच्युट, रुपन्देही | रु.२,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुरमा ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिको कैद र बिगो बमोजिम जरिवाना हुन मागदावी लिइएको छ। |

प्रवक्ता
भोला दाहाल